"खुसी र सम्बृद्दिः अबको रुन्टीगढी"

गाउँपालिका उपाअध्यक्ष श्री सरिता के.सी

गाउँसभाको बैठकमा पेश गर्नु भएको

# आ.ब. २०८०/०८१ को

# बजेट बक्तव्य

रुन्टीगढी गाउँपालिका

होलेरी रोल्पा

२०८० साल असार १० गते

**आदरणीय गाउँसभाका सभाअध्यक्षज्यू एबंम सभासदस्य ज्युहरु,**

ऐतिहासिक जनआन्दोलन मार्फत बनेको नेपालको संबिधान २०७२ अनुसार स्थापित स्थानीय तहको मिती २०७९ साल बैशाख ३० गते सम्पन्न निर्वाचनबाट यस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भई दोस्रो बजेट बनाउने जमर्को गरेका छौं। यस अबधिमा चालु आ.ब.को अनुभव समेतलाई ध्यानमा राख्दै रुन्टीगढी गाउँपालिकामा जनताको चाहाना, आबश्यकता  र स्रोत साधनको उपलब्धता समेतलाई मनन गरेर योजना तथा कार्यक्रमहरु तर्जुमा गरिरहेका छौं। काम गर्ने क्रममा जनताहरुका सल्लाह सुझावहरुलाई शिरोपर गर्ने प्रण गर्दै यहाहरुबाट अभिब्यक्त आबश्यकता पुरा गर्ने वाचाका साथ आज मैले दोस्रो पटक चौधौ गाउँसभा समक्ष बजेट प्रस्तुत गर्न अनुमती माग्दछु।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, र गणतन्त्र प्राप्तिका लागी भएका पटक पटकका राजनीतीक आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दासुमन अर्पण गर्दछु। साथै, राजनीतिक आन्दोलनका क्रममा बेपत्ता, घाईते र अपाङ्ग भएका नागरिकहरु प्रति उच्च सम्मान र सहानुभुती प्रकट गर्दछु।आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संबिधान, नेपाल सरकारको सोच, अन्तराष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्दता,१५ औ योजना, दिगो बिकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, रुन्टीगढी सरकारको निती तथा कार्यक्रम, आर्थिक ऐन २०८० को सिद्दान्त र प्राथमिकता, गाउँ सभाका सदस्यबाट प्राप्त सुझाबलाई मार्गदर्शनको रुपमा लिएको छु।बस्ती स्तर, आमनागरिक, राजनीतिक दल, बिद्दतबर्ग, नागरिक समाज, निजी क्षेत्र, लगायत पिछडिएका एबम् सिमान्तकृत बर्ग सहित सरोकारवालाबाट प्राप्त सुझाबलाई समेत आधार लिएको छु। यि आधारहरुमा  केन्द्रित रहेर तयार गरीएको आर्थिक बर्ष २०८०/८१को  बजेट प्रस्तुत गर्न गईरहेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

आर्थिक बर्ष २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम मार्फत रुन्टीगढी गाउँपालिकालाई समृद्द गाउँपालिका बनाउने उदेश्यका साथ यस गाउँसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई मुख्य मार्गदर्शनका रुपमा लिई यो बजेट तयार गरेको छु। रुन्टीगढी गाउँपालिकको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एंव उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आ.ब. २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भएको छ।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को कुल आय तथा व्ययको अनुमान पेश गर्ने अनुमति माग्दछु।आगामी आर्थिक वर्ष २०८०/८१ का लागि संघीय वित्तीय समानीकरण अनुदान शिर्षकमा  रु ९ करोड ८५ लाख, संघीय राजश्व बाँडफाड शिर्षकमा रु १० करोड ८१ लाख ४९ हजार , प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि रु ७० लाख, संघीय सरकारबाट हस्तान्तरीत ससर्त  अनुदान शिर्षकमा रु २४ करोड ५५ लाख, संघीय विशेष अनुदान शिर्षकमा

रु ७० लाख, संघीय समपुरक अनुदान शिर्षकमा रु ५० लाख, संघिय मालपोत रु ६ लाखको कुल योग संघीय सरकारबाट प्राप्त हुने कुल अनुदान रु ४७ करोड १७ लाख ४९ हजार अनुमान गरेको छु ।

यसैगरी आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारबाट प्राप्त हुने अनुदान पेश गर्दछु । जस अन्तर्गत प्रदेश वित्तीय सामानिकरण अनुदान शिर्षकमा रु ६९ लाख ९२ हजार, प्रदेश राजश्वव बाँडफाड तर्फ सवारी साधन कर शिर्षकमा रु ६० लाख ७० हजार ४ सय ४९, प्रदेश शर्सत तर्फ रु ८१ लाख ५० हजार , प्रदेश समपुरक तर्फ रु १ करोड अनुमान गरेको छु, यसरी प्रदेश सरकारबाट प्राप्त हुने कुल अनुदान रु ३ करोड १२ लाख १२ हजार ४ सय ४९ रुपैया अनुमान गरेको छु।

आन्तरीक आय तर्फ आन्तरिक राजश्व रु १ करोड १३ लाख ५० हजार रुपैया र संचित कोष तर्फ फिर्ता हुने २ करोड अनुमान गरेको छु। यसरी आन्तरिक आय तर्फ कुल जम्मा ३ कारोड १३ लाख ५० हजार रुपैया अनुमान गरेको छु। वित्तिय हस्तान्तरण तर्फ सामाजिक सुरक्षा कार्यक्रममा रु ८ करोड , प्रदेश/स्थानीय क्षमता विकास तर्फ ४ लाख, र दातृ निकाय तथा संघसंस्थाहरुबाट रु ९ लाख ८८ हजार ५ सय ५१ अनुमान गरेको छु। यस शिर्षक अन्तर्गत जम्मा रु ८ करोड १३ लाख ८८ हजार ५ सय ५१ रुपैया अनुमान गरेको छु। यसरी आय तर्फ कुल जम्मा ६१ करोड ५७ लाख अनुमान गरेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

यसरी प्राप्त हुने आयलाई पुँजीगत र चालु शिर्षकमा कुल खर्च हुनेगरी निम्नानुसार कुल व्याय अनुमान गरेको छु । गाउँपालिका प्रशासनिक तथा चालु खर्च तर्फ रु ११ करोड ०३ लाख ६४ हजार, वडा कार्यालयको चालु तर्फ रु १ करोड ७४ लाख ७५ हजार, विषयगत शाखा चालु तर्फ रु ३ करोड ०३ लाख, सामाजिक सुरक्षा तर्फ रु ८ करोड, प्रदेश/स्थानीय क्षमता विकास तर्फ रु ४ लाख, र विभिन्न संघसस्था कार्यक्रम तर्फ रु ९ लाख ८८ हजार ५ सय ५१ रुपैया, संघिय शसर्त अनुदान चालु २३ करोड २५ लाख, प्रदेश शसर्त अनुदान ६ लाख पचास हजार गरी कुल चालु तर्फ ४७ करोड २६ लाख ७७ हजार ५ सय ५१ रुपैया व्यय अनुमान गरेको छु ।

गाउँपालिका तर्फ पुँजीगत रु २ करोड ६९ लाख ३३ हजार ४ सय ४९ रुपैया, वडा कार्यालय पुँजीगत ५ करोड ७५ लाख ८९ हजार, संघिय शसर्त पुजीगत अनुदान ८० लाख, संघीय समपुरक अनुदान तर्फ १ करोड , संघीय विशेष अनुदान तर्फ ७० लाख, प्रदेश शसर्त अनुदान रु ७५ लाख, प्रदेश समपुरक अनुदानमा रु २ करोड र समपुरक कोषमा रु ६० लाख कुल पुजीगत व्यय १४ करोड ३० लाख २२ हजार ४ सय ४९ रुपैया ब्यय अनुमान गरेको छु ।यसरी चालु र पुजीगत गरी कुल व्यय तर्फ रु ६१ करोड ५७ लाख ब्यय अनुमान गरेको छु ।

यसरी विनियोजन भएको चालु तथा पुँजिगत खर्चतर्फ विनियोजीत बजेटलाई खर्च प्रतिशतमा विश्लेषण गर्दा चालु तर्फ कुल ७६ दशमलव ७७ प्रतिशत र पुँजिगत तर्फ २३ दशमलव २३ प्रतिशत रकम विनियोजन भएको छ ।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

माथि उल्लेखित कुल व्यय अनुमानलाई तल थप विस्तृतरुपमा पेश गरेको छु ।अब, संघीय सरकार बाट हस्तान्तरित शसर्त, समपुरक र बिशेष शिर्षकमा भएको विनियोजित बजेट पेश गर्न अनुमति माग्दछु।

- सिप विकास, समुह प्रविधि हस्तान्तरण तथा साना उद्योग संचालन मार्फत रोजगारी र आयमा बृद्धि गर्न लघु उद्यम विकास कार्यक्रम तर्फ रु १८ लाख विनियोजन गरेको छु ।
- खाद्यान्न बालीको उन्नत बीउ उपयोग अनुदान, उन्नत बिउ बितरकलाई प्रोत्साहन अनुदान, कृत्रिम गर्भाधान मिसन कार्यक्रम किसान सुचीकरण कार्यक्रम लगायतका कार्यक्रमहरु गर्न एकमुष्ट रु २२ लाख विनियोजन गरेको छु ।
- पञ्जिकरण तथा व्यक्तिगत घटनादर्ता कार्यक्रमलाई व्यवस्थित गर्न , वडा स्तरमा सामाजिक सुरक्षा वितरणको अवस्थालाई सहज बनाउन बिभिन्न शिर्षकमा खर्च हुने गरी एकमुष्ट रु १७ लाख विनियोजन गरेको छु ।
- आधारभूत तहको शिक्षक परिश्रमिक, मा.वि. तहको शिक्षको पारिश्रमिक, निशुल्क पाठ्यक्रम अनुदान, दिवाखाजा कार्यक्रम, शैक्षिक पूर्वाधार गुणस्तर तथा सुदृढिकरण , शैक्षिक पहुँच कार्यक्रम, बिद्यालय सञ्चालन तथा ब्यबस्थापन अनुदान, कोभिड १९ का कारण उत्पन्न परीस्थितीमा सिकाई सहजीकरण ,लगायतका अनुदान तथा कार्यक्रममा शिक्षा शाखा मार्फत खर्च हुनेगरी एकमुष्ट रु १७ करोड ३० लाख विनियोजन गरेको छु ।
- रुन्टीगढीलाई स्वच्छ सुन्दर र हरियालीयुक्त बनाउन सरोकारबालासंग समन्वय गरी वृक्षारोपण गर्न समृद्दिका लागी बन कार्यक्रममा एकमुष्ट ३७ लाख बिनियोजन गरेको छु।
- वित्तीय साक्षरता, मनोसामाजीक परामर्श संचालन तथा व्यवस्थापन, बैदेशीक रोजगारीमा जान चाहने सम्भाबित कामदारहरुलाई गहन अभिमुखिकरण लगायतका रोजगार प्रबर्द्दन कार्यक्रममा लागि एकमुष्ट रु २३ लाख विनियोजन गरेको छु ।
- आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन तथा ब्यबस्थापन कार्यक्रम, क्षयरोग नियन्त्रण शिर्षकमा खर्च हुने गरी रु २ करोड ९९ लाख विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयमसेविका पोषाक प्रोत्साहन यातायात खर्च तथा क्षमता बिकासका लागि रु २४ लाख २६ हजार बिनियोजन गरेको छु।
- बिपन्न नागरिकलाइ स्थानीय स्तरमा तथा नजीकका स्वास्थ्य सस्थामा उपचार हुन नसकी रिफर भएमा त्यस्ता ब्यक्तिलाई अबस्था हेरी आर्थिक सहायता उपलब्ध गराउने ब्यबस्था गरेको छु ।
- यस क्षेत्रको समग्र स्वास्थ्य अबस्थालाइ मध्यनजर गरी बिभिन्न रोग संग सम्बन्धित बिशेषज्ञ सेवा उपलब्ध गराउन स्वास्थ्य शिबिर संचालन गर्न बजेटको ब्यबस्था गरेको छु ।
- स्वास्थ्य सुचना ब्यबस्थापन गर्न अनलाईनमा आधारित सुचना प्रणाली ब्यबस्थापनका लागी आबश्यक बजेटको ब्यबस्था गरेको छु ।

- आधारभुत स्वास्थ्यलाई मध्यनजर गरी खोप तथा गाउँघर क्लिनिक ब्यबस्थापनका लागी बजेटको ब्यबस्था गरेको छु ।
- आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला , निशुल्क गर्भपतन , पोषण कर्यक्रम, सिबिआईएमएनसी आई र समता पहुँच कार्यक्रम लगायतका परिवार कल्याण कार्यक्रममा एकमुष्ट रु ७१ लाख रुपैया विनियोजन गरेको छु ।
- औलो तथा कालाजार, इनफुलुन्जा, वर्डफुलु, डेंगु, लागाएतका माहामारी रोगहरुको नियन्त्रण तथा रोकथाम र तयारीका लागि रु ३ लाख विनियोजन गरेको छु ।
- औषधि तथा स्वास्थ्य सामग्री खरिद व्यवस्थापन तथा स्वास्थ्य चौकी न्युनतम सेवा मापदण्ड सञ्चालनका लागि रु २७ लाख ७४ हजार विनियोजन गरेको छु ।
- बैदेशिक रोजगारको बढ्दो निर्भरतालाई कम गर्न स्वदेशमा रोजगारलाई अभिबृद्दि गर्न युबाहरुको रोजगारीका लगी रुपान्तरण पहल परीयोजनाको लागी एकमुष्ट रु ३८ लाख बिनियोजन गरेको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि एकमुष्ट रु ३४ लाख विनियोजन गरेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

संघिय सरकारबाट हस्तान्तरीत शसर्त पुजीगत अनुदान अन्तर्गत पूर्वाधारका योजनाहरुमा खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

- वैकल्पीक उर्जाको प्रयोगमा बृद्धि गरी स्थानीयहरुको दैनिकीमा सुधार होस भन्ने उदेश्यले रु ८ लाख विनियोजन गरेको छु ।
- रोजगार सेवा केन्द्र सुदृढिकरण तथा स्वास्थ्य व्यबस्थापन कार्यक्रमका लागी एकमुष्ट रु ७ लाख बिनियोजन गरेको छु ।
- बाईजा दुबिडाँडा झो.पु, ढोरवाङ स्याउलीवाङ झो.पु, कोलडाँडा चौर, गनारी सातम, आरुचौर ट्रसपुल, पेडीडाँडा झो.पु,का लागी एकमुष्ट रु ३५ लाख विनीयोजन गरेको छु।
- बिशेष अनुदान तर्फ छरछरे अपुते लिफ्टिङ खानेपानी आयोजना वडा नं ८ योजनामा रु ७० लाख विनियोजन गरेको छु ।
- उघादेखि लापाल हुदै लिवाङ्गी आप वडा कार्यालय जाने बाटो योजनाको लागी समपुरकमा खर्च हुने गरी हाल रु १ करोड विनियोजन गरेको छु ।

प्रदेश सरकारसंग साझेदारीमा रणनैतिक, दिगो र रुन्टीगढी गौरवका आयोजना संचालन गर्नेगरी समपुरकमा रु २ करोड विनियोजन गरेको छु । जसमा

- गुनाम लिफ्टीङ खानेपानी योजना वडा नं ९ मा ५० लाख बिनियोजन गरेको छु।
- लामीडाँडा लिफ्ट खानेपानी योजना वडा नं २ मा रु ५० लाख बिनियोजन गरेको छु।
- घुम्टीखोला लिफ्टिङ खानेपानी योजना वडा नं ३ मा रु ५० लाख विनियोजन गरेको छु।

❖ सुरक्षित नागरीक आबास कार्यक्रममा कुल ५० लाख बिनियोजन गरेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

संघीय वित्तीय समानीकरण अनुदान, संघीय राजश्व वाँडफाड, प्रदेश बित्तिय समानीकरण अनुदानबाट वडागत बजेट तपशिल बमोजिम विनियोजन गरेको छु ।

| क्र.स. | वडा | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | ९० लाख | |
| २ | वडा नं २ | ७० लाख | |
| ३ | वडा नं ३ | ७५ लाख | |
| ४ | वडा नं ४ | ७० लाख | |
| ५ | वडा नं ५ | १ करोड | |
| ६ | वडा नं ६ | १ करोड ५ लाख | |
| ७ | वडा नं ७ | ७५ लाख | |
| ८ | वडा नं ८ | ८० लाख | |
| ९ | वडा नं ९ | ९० लाख | |
| | कुल | ७ करोड ५५ लाख | |

संघीय वित्तीय समानीकरण अनुदान, संघीय राजश्व वाँडफाड, प्रदेश बित्तिय समानीकरण अनुदानबाट बिषयगत शाखा बजेट तपशिल बमोजिम विनियोजन गरेको छु ।

| क्र.स. | बिषयगत शाखा | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा तथा खेलकुद शाखा | १ करोड ५५ लाख | |
| २ | स्वास्थ्य शाखा | ५५ लाख | |
| ३ | कृषी शाखा | ४० लाख | |
| ४ | पशु शाखा | २० लाख | |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा | १० लाख | |
| ४ | सरसफाई शाखा | १० लाख | |
| ५ | पर्यटन शाखा | १० लाख | |
| ६ | सामाजिक सुरक्षा तथा पन्जिकरण | ८ लाख | |

| | | | |
|---|---|---|---|
| ७ | न्यायिक समिती | ५ लाख | |
| ८ | सुचना प्रबिधी शाखा | १० लाख | |
| कुल | | ३ करोड ३ लाख | |

अन्य शिर्षकगत बिनियोजित बजेटको सारांश विवरण तपशिल बमोजिम बिनियोजन गरेको छु

- कर्मचारीको तलव भत्ता, पोषाक, भ्रमण भत्ता, औषधि उपाचार , पानी विजुली , सूचना प्रकाशन लागायत तथा आन्तरीक कार्यालय र वडाहरुको प्रशासनिक व्यवस्थापनका लागी चालु खर्च मा एकमुष्ट रु ६ करोड ६५ लाख १४ हजार रुपैया विनियोजन गरेको छु ।
- यसै गरी चालु शिर्षकमै विभिन्न क्षमता विकास, गुरु योजना, डि.पी.आर निर्माण, पर्यटन , सरसफाई र समपुरक कोष शिर्षकमा आबश्यक रकम विनियोजन गरेको छु ।
- यस क्षेत्रमा लोकसेवा जाँच दिने परिपाटीको निरन्तरता दिन  दलित जनजाती, महिला, युवा तथा अन्य समुदायलाई लक्षित गरी लोक सेवा तयारी कक्षाका लागी रु ५ लाख विनियोजन गरेको छु ।
- कानुनी परामर्श तथा न्यायीक समीतिका लागी रु ५ लाख विनियोजन गरेको छु ।
- हामीले निती तथा कार्यक्रममा विभिन्न रणनैतिक योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागी पेश गरका छौं ।
- गाउँपालिका अन्तर्गत विषयगत शाखा संचालन हुने नमुना पकेटक्षेत्र कार्यक्रम, कृषकका लागि प्रविधि हस्तान्तरण कार्यक्रम, संचालनका लागि कृषि र पशुविकास शाखा अन्तर्गतबाट बजेट विनियोजन गरेको छु ।
- यसैगरी रुन्टीगढी गौरवका आयोजनाहरु लागायत ठुला पूर्वाधारका योजनाहरुका लागी प्रदेश तथा संघीय समपुरक कार्यक्रमबाट रकम विनियोजन गरेको छु ।
- भिन्न क्षमता समान अवसर, महिलाका लागि सहारा, मर्यादा सामग्री वितरण लगाएतका कार्यक्रमहरुमा महिला, वालवालिका शाखा मार्फत वजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

अन्तमा, यो नीति कार्यक्रम तथा बजेट तयारीमा अहोरात्र खट्नुहुने सबै जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु प्रत्यक्ष वा परोक्ष सहयोग गर्नुहुने राजनितीक दलका प्रमुख, , संचारकर्मी मित्रहरु, स्थानीय नागरिक समाज, निजी क्षेत्र तथा बुद्धिजीवी बर्ग,पूर्व जनप्रतिनिधिज्यूहरु , सुरक्षाकर्मी लागाएत सबै तह र निकायका व्यक्तित्वहरुलाई धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

धन्यवाद, जय रुन्टीगढी

सरीता के.सी
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा